~~नेपाल सरकार~~
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्राल
~~सहकारी तथा गरिबी निवारण मन्त्रालय~~
सहकारी विभाग
(प्रशासन तथा प्रवर्धन……शाखा)

फोन नं : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :- ०७५/७६
चलानी नं :- ९८२
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०७५।५।१९

विषय : सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ पठाएको बारे ।

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
(सहकारी महाशाखा)

प्रदेश नं. १/ प्रदेश नं. २/ प्रदेश नं. ३/ गण्डकी प्रदेश/ प्रदेश नं. ५/ कर्णाली प्रदेश/ प्रदेश नं. ७

नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७५।५।७ को निर्णयानुसार स्वीकृत सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ यसै साथ संलग्न राखी पठाइएको छ ।

निर्देशिकामा अन्य कुराका अतिरिक्त सहकारी संस्थाले सहकारी ऐन, २०७४ वा प्रदेश वा स्थानीय तहको सहकारी कानुनबमोजिम तोकिएको समयभित्र लेखापरीक्षक नियुक्त गरी सम्बन्धित नियामक निकायमा जानकारी पठाउनुपर्ने, नियामक निकायले आफ्नो नियमन क्षेत्राधिकारका सहकारी संस्थाहरूले लेखापरीक्षण गराए, नगराएको अभिलेख खडा गरी प्रत्येक आर्थिक वर्षको असोज, पुस, चैत र असार मसान्तमा यस विभागमा समेत प्रतिवेदन पठाउनुपर्ने र रु. पाँच करोडभन्दा बढी बचत सङ्कलन गरेको सहकारी संस्थाको लेखापरीक्षकले वार्षिक लेखापरीक्षण प्रतिवेदनका साथै नियामक निकायमा लामो फाराम लेखापरीक्षण प्रतिवेदन (लङ फर्म अडिट रिपोर्ट) समेत पेस गर्नुपर्ने व्यवस्था गरिएका छन् । प्रादेशिक वा स्थानीय कानुन नबनिसकेको अवस्थामा पनि प्रादेशिक वा स्थानीय नियामक निकायबाट लेखापरीक्षणको रोहमा यसै निर्देशिकाबमोजिम गर्न, गराउन सकिने व्यवस्था भएको छ । सहकारी संस्थाको लेखापरीक्षण सुव्यवस्थित तुल्याउन, सहकारी संस्थामा वित्तीय सुशासन कायम राख्न र सर्वसाधारण सदस्यहरूको हित संरक्षण गर्न निर्देशिकाका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनबाट महत्वपूर्ण सहायता पुग्नेछ ।

निर्देशिकाबमोजिम गर्ने, गराउने सम्बन्धमा प्रदेशका सबै नगरपालिका तथा गाउँपालिकाहरूका साथै तहाँको नियमन क्षेत्राधिकारअन्तर्गतका सहकारी सङ्घसंस्थाहरूलाई समेत जानकारी गराउने तथा देशव्यापी रूपमा लेखापरीक्षण कार्यको एकीकृत अभिलेख खडा गरी प्रगति अनुगमन गर्ने प्रयोजनार्थ निर्देशिकाको दफा ७ बमोजिम प्रतिवेदन पठाउने व्यवस्थाका लागि समेत निर्देशानुसार हार्दिक अनुरोध गर्दछु । निर्देशिका विभागको वेभसाइट www.deoc.gov.np मा समेत उपलब्ध रहेको व्यहोरा अनुरोध छ ।

०७५/५/१९
नारायणप्रसाद अर्याल
(उपरजिष्ट्रार)
उप रजिष्ट्रार

**बोधार्थ**
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।

**बोधार्थ तथा कार्यार्थ**

१. श्री काठमाडौं/ ललितपुर/ भरतपुर/ पोखरा/ विराटनगर/ वीरगन्ज महानगरपालिका र धनगढी/ नेपालगञ्ज/ घोराही/ तुलसीपुर/ बुटवल/ हेटौडा/ कलैया/ जीतपुर सिमरा/ जनकपुर/ इटहरी/ धरान उपमहानगरपालिका ।
२. श्री राष्ट्रिय सहकारी महासङ्घ, पुल्चोक, ललितपुर ।
३. सबै केन्द्रीय सहकारी सङ्घहरू ।
४. श्री राष्ट्रिय सहकारी बैङ्क, कुपण्डोल, ललितपुर ।
५. श्री नेपाल चार्टर्ड एकाउन्टेन्टस, संस्था बबरमहल, काठमाडौं ।